नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा. परिपत्र संख्या : १४/२०७७-७८ मितिः २०७८/०१/३०

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु ।

विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७६ को दफा १.७ को उप-दफा १.७.५ लाई देहायबमोजिम संशोधन गरिएको छ :**

यस्तो सटही सुविधा बढीमा एक पटकमा अमेरिकी डलर ३५,००० (पैंतीस हजार) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको लागि मात्र प्रदान गर्न सकिनेछ । यसरी टि.टि. मार्फत सटही प्रदान गर्दा अमेरिकी डलर २५,००० भन्दा बढी विदेशी मुद्राको सटही उपलब्ध गराउँदा Beneficiary को Business Credibility Information (BCI) लिने व्यवस्था मिलाउनु पर्नेछ । साथै, सम्बन्धित फाइलमा सोको अभिलेख राख्नुपर्नेछ ।

**तर, कोभिड-१९ को वर्तमान स्वास्थ्य समस्यालाई रोकथाम तथा न्यूनीकरणको लागि सहजीकरण गर्न देहायबमोजिमको व्यवस्था गरिएको छः**

**१) स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागको सिफारिसमा गरिने कोभिड-१९ सँग सम्बन्धित औषधिजन्य सामग्रीहरु तथा स्वास्थ्य उपकरणहरु (Medical Supplies and Medical Equipments) को आयातको हकमा एउटै बीजकबाट अमेरिकी डलर १,००,००० (अमेरिकी डलर एकलाख) सम्मको रकम ड्राफ्ट/टि.टि. को माध्यमबाट भुक्तानी गर्न सकिनेछ । साथै, अमेरिकी डलर १००,००० भन्दा माथिको सटही सुविधा आवश्यक परेमा स्वास्थ्य सेवा विभागको सिफारिससहित स्वीकृतिका लागि यस बैंक समक्ष निवेदन पेश गर्नु पर्नेछ ।**

**२) Oxygen Cylinders, Oxygen Concentrators, Oxygen Tanks, Oxygen Generators, Oxygen Manufacturing Plants, Oxygen Delivery Accessories, अन्य Oxygen सम्बन्धी सामग्री तथा Ventilator Equipments लगायतका कोभिड-१९ को स्वास्थ्य समस्याको उपचारमा सघाउ पुऱ्याउने जीवनरक्षक स्वास्थ्य सामग्री/उपकरणहरुको आयातको हकमा उल्लिखित ड्राफ्ट/टि.टि. को रकमसम्बन्धी सीमा, Business Credibility Information (BCI) र स्वास्थ्य सेवा विभागको सिफारिस २०७८ असार मसान्तसम्मका लागि अनिवार्य नहुने व्यवस्था गरिएको छ । साथै, यस व्यवस्थाबमोजिम आयात गर्ने आयातकर्ताले विदेशी विनिमय अपचलन भएमा स्वयम् जिम्मेवार हुने स्वःघोषणा बैंक तथा वित्तीय संस्थासमक्ष पेश गर्नु पर्नेछ र बैंक तथा वित्तीय संस्थाले यस व्यवस्था बमोजिम आयात भएको विवरण संलग्न ढाँचामा मासिक रुपमा प्रत्येक महिना समाप्त भएको सात कार्य दिनभित्र यस विभागसमक्ष पेश गर्नु पर्नेछ ।**

(क) साख सूचना नेपालस्थित यस्तो काम गर्ने कुनै निकाय वा नेपालमा शाखा कार्यालय भएका अन्तर्राष्ट्रिय कुनै प्रतिष्ठित निकायहरुको प्रतिनिधिमार्फत सम्बन्धित बैंक आफैंले साख सूचना लिनु पर्नेछ ।

(ख) Credit Risk वा High Credit Risk वा Rating not Determined भन्ने जस्ता व्यहोरा उल्लेख भई आएको हकमा टि.टि. खोल्नु परेमा सामान्य अवस्थामा जुन तहबाट टि.टि. खोल्न अनुमति निकासा हुन्छ सो तहभन्दा एक तहमाथिको निकासा अनिवार्य रुपले लिनुपर्नेछ । Rating स्पष्ट उल्लेख नभई Satisfactory/Good Conduct of Account मात्र उल्लेख छ भने त्यस्तो अवस्थामा सो अनुमति आवश्यक पर्ने छैन ।

(ग) एक पटक लिइएको यस्तो व्यापारिक साख सूचना (Business Credibility Information) एक वर्षसम्मका लागि मात्र मान्य हुनेछ ।

**विवरणको ढाँचा:**

बैंक तथा वित्तीय संस्थाको नाम:.......................
कन्द्रीय कार्यालय/कर्पोरेट कार्यालय (केन्द्रीय/कर्पोरेट कार्यालयले मात्र पेश गर्नु पर्ने)
विवरण पेश गरिएको साल र महिना:
विवरण पेश गरिएको मिति:

| सि. नं. | आयातकर्ता सम्बन्धी | | | निर्यातकर्ता सम्बन्धी | | | मालसामानको हार्मेनिक कोड नं. | भुक्तानी सम्बन्धी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | ठेगाना | खाता नम्बर | नाम | ठेगाना (देश सहित) | बैंकको नाम र ठेगाना | | मिति | वि.मु. (अमेरिकी डलर, यूरो...आदि) | रकम | |
| | | | | | | | | | | | |

तयार गर्ने
नाम:
पद:
दस्तखत:
इमेल:
फोन:

रुजु गर्ने
छाप:
नाम:
पद:
दस्तखत:
इमेल:
फोन:

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५) श्री नेपाल सरकार, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६) श्री नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
७) श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
८) श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग ।
९) श्री नेपाल सरकार, भन्सार विभाग ।
१०) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
११) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
१२) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
१३) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१४) श्री नेपाल बैंकर्स संघ ।
१५) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१६) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१७) श्री नेपाल उद्योग परिसंघ ।